☎ ०५१-५२०८७७
ईमेल: hgao.birgunj@ag.gov.np

# उच्च सरकारी वकील कार्यालय

## बिरगंज

पत्र संख्या :-०८१।८२
चलानी नं. :- १६०२

मिति:- २०८२।०२।२७

विषयः- निर्णय बमोजिम गर्नु/गराउनु हुन ।

श्री जिल्ला सरकारी वकील कार्यालय
पर्सा, बारा र रौतहट।

उपर्युक्त विषयमा यस कार्यालयमा मिति २०८२/०२/२४ गते शनिवारको दिन भएको बैठकमा भएको निर्णय पाना २ यसै पत्रसाथ पठाईएको छ । निर्णय बमोजिम गर्नु/गराउनु होला ।

२०८२।२।२७

सह- न्यायाधिवक्ता

CamScanner

उच्च सरकारी वकील कार्यालय, बीरगंजका सहन्यायाधिवक्ताको अध्यक्षतामा यस उच्च सरकारी वकील कार्यालय समन्वय समितिको आज मिति २०८२/०२/२४ गते शनिबारको बैठकले निम्न बिषयमा छलफल एंव निर्णय गरियो ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| सहन्यायाधिवक्ता | श्री कोष हरि निरौला | संयोजक |
| प्रमुख जिल्ला अधिकारी | श्री गणेश आर्याल | सदस्य |
| प्र.ना.उ. | श्री गौतम मिश्र | सदस्य |
| उपन्यायाधिवक्ता | श्री उत्तम श्रेष्ठ | सदस्य सचिव |

**आमन्त्रितः**

| | |
|---|---|
| १. रजिष्ट्रार | श्री दिपक भण्डारी |
| २. जिल्ला न्यायाधिवक्ता | श्री भोलानाथ निरौला |
| ३. सहायक न्यायाधिवक्ता | श्री डाल वहादुर नेपाली |

**सहयोगीः**

| | |
|---|---|
| १. नायव सुब्बा | श्री शिला कुमारी चौधरी |
| २. लेखापाल | श्री राजकुमार राउत |
| ३. कार्यालय सहयोगी | श्री पुण्य प्रसाद लुईटेल |

**छलफलका बिषयः**

१. Digital Evidence को Writing सम्बन्धी

२. Call Detail विश्लेषण सम्बन्धमा

३. कसूरजन्य सम्पतिको व्यवस्थापन सम्बन्धमा

४. फौजदारी मुद्दाको मिलापत्र सम्बन्धमा

५. विविध

**निर्णयः**

१. हाल अनुसन्धान एवम् अभियोजनको महत्वपूर्ण पाटोको रुपमा रहेको CCTV Footage वा अन्य Video फोटोहरुले महत्वपूर्ण प्रमाणको स्थान ग्रहण गरिरहेका छन् । यस्ता प्रमाणहरुलाई अनुसन्धान अधिकृतहरुले अभियुक्तको बयानको क्रममा सनाखत सम्म गराउने गरेको भएतापनि त्यो Video फोटोहरुलाई लिपिबद्ध गर्ने नगरेको कारण त्यस्ता प्रमाणहरुको बहस

गर्दा, पुनरावेदन गर्दा वा अदालतले प्रमाण ग्रहण गर्ने क्रममा व्यक्तिको पहिचानको समस्या पर्ने गरेको हुँदा त्यस्ता प्रमाणहरुलाई लिपिबद्ध गर्ने प्रणालीको विकास गर्ने ।

२. अनुसन्धानको क्रममा Call विवरणहरु लिने गरिएको भएतापनि सबै अनुसन्धानहरुमा त्यसको विश्लेषण राख्ने गरेको नपाइदा सो विश्लेषणको प्रतिवेदन अनिवार्य रुपमा राख्ने ।

३. अपराध अनुसन्धानको क्रममा बरामद भएका साधन सम्पत्तिहरुको व्यवस्थापनका सम्बन्धमा प्रभावकारी कार्यान्वयन गर्ने तर्फ सबैले आ-आफ्नो जिम्मेवारी लिने ।

४. बैंकिङ्ग कसूर तथा सजाय ऐनमा, हालै परिवर्तन भएको कानूनी व्यवस्था र फौजदारी मुद्दा मिलापत्र सम्बन्धी विषयमा सरल ढङ्गले मिलापत्र सम्बन्धी कार्य सम्पन्न गर्ने/गराउने ।

५. अनुसन्धान एवम् अभियोजनलाई प्रभावकारी बनाउन समय समयमा प्र.ना.उ. र जिल्ला न्यायाधिवक्ताको उपस्थितिमा अनुसन्धान अधिकृत र अनुसन्धानको कार्यमा संलग्न अन्य कर्मचारीहरु बीच अन्तरक्रिया गर्ने ।

६. यो निर्णयको जानकारी सम्बन्धित मातहत जिल्ला सरकारी वकील कार्यालय मार्फत तत् तत् जिल्ला प्रहरी कार्यालयहरुलाई उच्च सरकारी वकील कार्यालयले पठाई निर्णय कार्यान्वयन गर्ने/गराउने ।